राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission, Nepal
केन्द्रीय कार्यालय Central Office
हरिहरभवन,पुल्चोक,ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

राष्ट्रिय मानव अधिकार आयोगको मिति २०७९/५/५ गते आइतवार बसेको बैठकबाट देहाय बमोजिम हुनेगरी १३ ओटा उजुरीहरु उपर निर्णय भयो ।

देहाय :

| क.सं | उजुरीको संक्षिप्त व्यहोरा | घटना मिति र उजुरी नं. | उजुरी को विषय | आयोगको निर्णय | कैफियत |
|---|---|---|---|---|---|
| १. | धनुषा जिल्ला, खरिहानी गाविस वडा नं. ६ बस्ने गोलियादेवी पासवानलाई सिरहा जिल्ला बतहा गाविस बाट प्रहरी पक्राउ गरी वेपत्ता बनाएकोले जीवन रक्षा र खोजतलास गरिपाउं भनी दर्ता भएको उजूरीको सम्बन्धमा । | उजुरी नं. ३९९ दर्ता : ०५९।४ | वेपत्ता | निजलाई उक्त मितिमा सुरक्षाकर्मीले गैरकानूनी रुपमा पक्राउ गरी मारेको पाइएकोले पीडितका कानून बमोजिमका हकवालालाई रु. ३ लाख क्षतिपूर्ति उपलब्ध गराई दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | |
| २. | सिरहा जिल्ला राजपुर गा.वि.स. वडा नं. ६ बस्ने राम भगत सदालाई हतियार सहित आएका सैनिकहरुले घर घेरा हाली पक्राउ गरी लगेकोले निजहरुको स्थिती सार्वजनिक गरिपाउं भनी दर्ता भएको उजूरीको सम्बन्धमा । | उजूरी नं. ७४२ दर्ता: ०६३।३।४ | वेपत्ता | निजको स्थिती वेपत्ता नै रहेको पाइएकोले स्थिती यथाशीघ्र सार्वजनिक गर्न र दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | |
| ३. | सिरहा जिल्ला हकपाडा गा.वि.स. वडा नं. १ बस्ने शुभ नारायण यादवलाई प्रहरीको पोशाक लगाएका व्यक्तिहरुले पक्राउ गरी वेपत्ता बनाएकोले स्थिती सार्वजनिक गरी रिहाई गरिपाउँ भनी दर्ता भएको उजूरीको सम्बन्धमा । | उजूरी नं. ४३२ दर्ता: २०६२।७।२५ | वेपत्ता | निजको स्थिती वेपत्ता नै रहेको पाइएकोले स्थिती यथाशीघ्र सार्वजनिक गर्न र दोषी पहिचान गरी कानून वमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | |
| ४. | धनुषा जिल्ला मरान गा.वि.स.घर भएका गगवा महरालाई सिरहा जिल्ला विष्णुपुर गा.वि.स. वडा नं. ४ बाट सैनिक पोशाकमा आएका हतियार सहितका सुरक्षाकर्मीले वेपत्ता बनाएकोले स्थिती सार्वजनिक गरीपाउँ भनी दर्ता भएको उजूरीको सम्बन्धमा । | उजूरी नं. ७५२ दर्ता २०६३।३।४ | वेपत्ता | निजको स्थिती वेपत्ता नै रहेको पाइएकोले स्थिती यथाशीघ्र सार्वजनिक गर्न, पीडितका कानून बमोजिमका हकवालालाई रु. २ लाख ५० हजार क्षतिपूर्ति उपलब्ध गराउन र दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | |
| ५. | सिरहा जिल्ला, विष्णुपुर गा.वि.स. वडा नं. ४ बस्ने बौएलाल महरालाई सैनिक पोशाकमा आएका हतियार सहितका सुरक्षाकर्मीले वेपत्ता बनाएकोले स्थिती | उजूरी नं. ७४४ दर्ता: २०६३।३।४ | वेपत्ता | निजको स्थिती वेपत्ता नै रहेको पाइएकोले स्थिती यथाशीघ्र सार्वजनिक गर्न र दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सार्वजनिक गरीपाउँ भनी दर्ता भएको उजूरीको सम्वन्धमा । | | | | | |
| ६. | सिरहा जिल्ला, सितापुर गा.वि.स. वडा नं. ४ बस्ने बौका भन्ने कुशेश्वर महरा मजदुरी गरी घर फर्कदै गर्दा सादा पोशाक लगाएका सुरक्षाकर्मीहरुले नियन्त्रणमा लिई वेपत्ता बनाएकोले घटनाको छानवीन गरीपाउँ भनी दर्ता भएको उजूरीको सम्वन्धमा । | उजूरी नं. १५०६ दर्ता: ०६०।११।१५ | वेपत्ता | निजको स्थिती वेपत्ता नै रहेको पाइएकोले स्थिती यथाशीघ्र सार्वजनिक गर्न र दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | | |
| ७. | सिरहा जिल्ला राघोपुर गा.वि.स. वडा नं. ५ बल्वाटोल बस्ने नेपाल संयुक्त विद्यार्थी जनवर्गीय संगठनको सदस्य संजय यादवलाई ने.क.पा. माओवादीका कार्यकर्ताहरु श्रवण कुमार यादव, रामअवतार महतो समेतले अपहरण गरी वेपत्ता बनाएकोले स्थिती सार्वजनिक गरिपाउँ भनी दर्ता भएको उजूरीको सम्वन्धमा । | उजूरी नं. २४१ दर्ता: ०६५।२।१४ | वेपत्ता | निजको स्थिती वेपत्ता नै रहेको, घटना पश्चात पीडितका तर्फबाट ईलाका प्रहरी कार्यालय मिर्चैया, सिरहामा निवेदन दिएको, निवेदनमा तत्कालिन माओवादी कार्यकर्ताहरु श्रवण कुमार यादव, राम अवतार महतो समेतको नाम किटान भएको, आयोगको अनुसन्धान प्रतिवेदनमा समेत आरोपित व्यक्तिहरुको नाम उल्लेख भएको पाइएकोले निजहरु उपर आवस्यक अनुसन्धान गरी कार्वाही गर्न र पीडित व्यक्तिका कानून बमोजिमका हकवालालाई रु. २ लाख ५० हजार क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने । | | |
| ८. | सिरहा जिल्ला, राजपुर गा.वि.स. वडा नं. ६ बस्ने श्रीराम सदा, जगेश्वर सदा र गणेशी सदालाई हतियार सहित आएका सैनिकहरुले घर घेरा हाली पक्राउ गरी लगेकोले निजहरुको स्थिती सार्वजनिक गरिपाउँ भनी दर्ता भएको उजूरीको सम्वन्धमा । | उजूरी नं. ७४३ दर्ता: ०६३।३।४ | वेपत्ता | निजको स्थिती वेपत्ता नै रहेको पाइएकोले स्थिती यथाशीघ्र सार्वजनिक गर्न र दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | | |
| ९. | सिरहा जिल्ला, अर्नामा गा.वि.स. वडा नं. २ बस्ने विनोद महतोलाई सैनिक पोशाकमा आएका सैनिकहरुले आफ्नै घरमा सुतिरहेको अवस्थामा पक्राउ गरी हालसम्म वेपत्ता बनाएकोले खोजतलास गरी स्थिती सार्वजनिक गरिपाउँ भनी दर्ता भएको उजूरीको सम्वन्धमा । | उजूरी नं. ७४० दर्ता: ०६३।३।४ | वेपत्ता | निजको स्थिती वेपत्ता नै रहेको पाइएकोले स्थिती यथाशीघ्र सार्वजनिक गर्न र दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | | |
| १०. | सिरहा जिल्ला, लक्ष्मीनिया गा.वि.स. वडा नं. ८ बस्ने श्रीनारायण यादवलाई सिरहा जिल्लाको सनैठा गा.वि.स. १ बाट ससुराली (सवरी यादव) घरबाट सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म वेपत्ता बनएकोले जीवन रक्षा र स्थिती सार्वजनिक गरिपाउँ भनी दर्ता भएको उजूरीको सम्वन्धमा । | उजूरी नं. १२६० दर्ता: ०६०।८।२९ | वेपत्ता | निजको स्थिती वेपत्ता नै रहेको पाइएकोले स्थिती यथाशीघ्र सार्वजनिक गर्न र दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११. | सिरहा जिल्ला, सनैठा गा.वि.स. वडा नं. १ बस्ने सवरी यादवलाई सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म वेपत्ता बनएकोले जीवन रक्षा र स्थिती सार्वजनिक गरिपाउँ दर्ता भएको उजूरीको सम्बन्धमा । | उजूरी नं. ७५४ दर्ता ०६३।३।४ | वेपत्ता | निजको स्थिती वेपत्ता नै रहेको पाइएकोले स्थिती यथाशीघ्र सार्वजनिक गर्न र दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | |
| १२. | सिरहा जिल्ला कल्याणपुर जब्दी गा.वि.स. वडा नं. १ बस्ने फुलगेन पासमानलाई लहान स्थित आँखा अस्पतालको पश्चिमतिरको बाटोबाट १०।१५ जनाको नेपाली सेनाको टोलीले पक्राउ गरी लहान स्थित शाही नेपाली सेनाको क्याम्पमा राखेको र निजको स्थिती वेपत्ता पारेकोले स्थिती सार्वजनिक गरी जीवन रक्षाको लागि पहल गरिपाउँ भनी दर्ता भएको उजूरीको सम्बन्धमा । | उजूरी नं. १६१७ दर्ता: ०६०।१२।१६ | वेपत्ता | निजको स्थिती वेपत्ता नै रहेको पाइएकोले स्थिती यथाशीघ्र सार्वजनिक गर्न र दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | |
| १३. | सिरहा जिल्ला, मिर्चैया गा.वि.स.वडा नं. २ बस्ने रामखेलावन साहलाई नेपाल प्रहरीका प्रल्हाद झा ले पक्राउ गरी लगी वेपत्ता बनाएकोले निजको स्थिती सार्वजनिक गरिपाउँ भनी दर्ता भएको उजूरीको सम्बन्धमा । | उजूरी नं. ७५१ दर्ता : २०६३।३।४ | वेपत्ता | निजको स्थिती वेपत्ता नै रहेको पाइएकोले स्थिती यथाशीघ्र सार्वजनिक गर्न र दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | |

का. मु. सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org